# गोरखापत्र संस्थान

गोरखापत्र (नेपाली दैनिक)
दि राइजिङ्ग नेपाल (अङ्ग्रेजी दैनिक)
मधुपर्क (नेपाली साहित्यिक मासिक)
युवामञ्च (नेपाली मासिक)
मुना बाल पत्रिका (नेपाली मासिक)

धर्मपथ, काठमाडौं
नेपाल
पो.ब.नं. २३

पत्रसंख्या :- ४८३/०७८/७९

मिति २०७८/०६/१५

श्रीमान सम्पादकज्यू, गोरखापत्र दैनिक
श्रीमान सम्पादकज्यू, दि राइजिङ नेपाल दैनिक
श्रीमान सम्पादकज्यू, मधुपर्क मासिक
श्रीमान सम्पादकज्यू युवामञ्च मासिक
श्रीमान सम्पादकज्यू, मुना मासिक
श्रीमान सम्पादकज्यू अनलाइन प्रकाशन
श्रीमान् निर्देशकज्यू, अर्थ विभाग
श्रीमान नि.निर्देशकज्यू, व्यापार विभाग
श्रीमान नि.निर्देशकज्यू, प्रशासन विभाग
श्रीमान नि.निर्देशकज्यू, उत्पादन विभाग
श्रीमान नि.निर्देशकज्यू, वितरण विभाग
श्रीमान नि.निर्देशकज्यू, सूचना प्रविधि विभाग
गोरखापत्र संस्थान ।

**विषय : सञ्चालक समितिका निर्णयहरु पठाइएको बारे ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा संस्थानको सञ्चालक समितिको आ. व. ०७८/७९ मिति २०७८/०६/१३ गतेको दोस्रो बैठकका निर्णयहरु यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

आज्ञाले

.............................
(धर्मराज न्यौपाने)
सचिव
सञ्चालक समिति

गोरखापत्र संस्थान
संचालक समिति
बैठक संख्या २, ०७८/०७९
मितिः २०७८/६/१३

<u>निर्णय नं. १</u>

प्रस्ताव नं १ मा छलफल हुँदा नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०७८/०६/१२ गतेको पत्र संख्या ०७७/७८ सं. स. १२ च. नं. ८९ को पत्रानुसार नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयद्धारा बढीमा ४ वर्षको पदावधि रहने गरी गोरखापत्र संस्थानको कार्यकारी अध्यक्ष पदमा श्री बिष्णुप्रसाद सुवेदीलाई नियुक्ति गरिएको व्यहोरा संचालक समितिलाई जानकारी भयो। संस्थानको कार्यकारी अध्यक्ष पदमा नियुक्त हुनु भएकोमा उहाँलाई हार्दिक बधाई तथा स्वागत गर्दै उहाँको सफल कार्यकालको कामना गर्ने निर्णय गरियो। साथै नि. महाप्रबन्धको जिम्मेवारी सम्हाल्नु भएका श्री शिवकुमार भट्टराईलाई धन्यवाद ज्ञापन गरियो।

<u>निर्णय नं. २ः</u>

गोरखापत्र संस्थान संचालक समिति, संस्थाको पदपूर्ति समिति अन्य उप-समितिहरु, अन्य जुनसुकै अड्डा अदालतमा संस्थानको तर्फबाट दायर गर्नुपर्ने रिट निवेदन, निवेदन पत्र, प्रतिउत्तर पत्र, लिखित जवाफ, मिलापत्र, वारेस मुकरर लगायत यस संस्थानले दायर गर्ने र संस्थान उपर पर्न आउने जुनसुकै अड्डा अदालतको मुद्दा- मामिलाहरुमा हाजिर भई संस्थानको तर्फबाट प्रतिनिधित्व गर्ने साथै संस्थानका लागि ऋण वा सहयोग तथा बैङ्क सम्बन्धी हुने कारोबारसमेत गर्नका लागि यस संस्थानको कर्मचारी सेवा शर्त विनियमावली बाह्रौ संशोधन समेतको विनियम १७८ बमोजिम अख्तियारनामा दिने प्रस्ताव उपर छलफल भयो।

यस संस्थानको कर्मचारी सेवा शर्त विनियमावली (२०५२) संशोधन सहितको विनियम १७८ बमोजिम उल्लेखित कार्य गर्न संस्थानका कार्यकारी अध्यक्ष श्री विष्णुप्रसाद सुवेदीज्यूलाई अधिकार प्रत्यायोजन गर्दै अख्तियारी दिने निर्णय गरियो ।